आकाशवाणी

January 18th,  2025 Saturday

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

प्रमुख समाचार:

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा स्वामित्व योजना अन्तर्गत 10 राज्य र 2 केन्द्र शासित प्रदेशहरूमा 65 लाख भन्दा बढी सम्पत्ति कार्डहरू वितरण, योजनाको उद्देश्य ग्रामीण समुदायलाई भूमि व्यवस्थापनमा सशक्त बनाउनु रहेको प्रधानमन्त्रीको भनाइ
- संसदको बजेट अधिवेशन जनवरी ३१ देखि सुरु हुँदै
- पश्चिम बंगालको एक अदालतले आज आरजी कार मेडिकल कलेजको दुष्कर्म र हत्या प्रकरणमा सञ्जय रायलाई दोषी ठहर
- सत्तरी सदस्यीय दिल्ली विधानसभा चुनावका लागि दायर गरिएका १५ सयभन्दा बढी उम्मेदवारीको आज छानबिन प्रक्रिया सम्पन्न
- अनि  ब्याडमिन्टनमा, चिराग शेट्टी र सात्विकसाइराज रङ्कीरेड्डीले आज साँझ सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै

PM Swamitwa Yojna

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत स्वामित्व योजना अन्तर्गत सम्पत्ति मालिकहरूलाई 65 लाख भन्दा बढी सम्पत्ति कार्डहरू वितरण गर्नुभयो । दश राज्य र दुई केन्द्र शासित प्रदेशका ५० हजारभन्दा बढी गाउँमा सम्पत्ति कार्ड वितरण गरिएको छ। यस अवसरमा प्रधानमन्त्रीले यसलाई ग्रामीण अर्थतन्त्रका लागि ऐतिहासिक दिन भएको बताउनुभयो । प्रधानमन्त्रीले स्वामित्व योजना लागू भएदेखि गत पाँच वर्षमा २ करोड २५ लाखभन्दा बढी

सम्पत्तिको कागजपत्र जारी गरिएको बताउनुभयो। उहाँले सम्पत्तिको उचित कागजातले बैंकबाट ऋण लिन र अवैध अतिक्रमणबाट जोगिन सहयोग पुग्ने बताउनुभयो । श्री मोदीले विगत सातदेखि आठ वर्षमा देशका ९८ प्रतिशत भूमि अभिलेखलाई डिजिटलीकरण गरिएको बताउनुभयो ।

## Budget Session

संसदको बजेट अधिवेशन जनवरी ३१ देखि सुरु हुँदैछ । अधिवेशनको पहिलो दिन राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्नु हुनेछ। वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले फेब्रुअरी १ मा केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ। बजेट अधिवेशनको पहिलो चरण फेब्रुअरी १३ सम्म चल्नेछ भने दोस्रो चरण मार्च १० देखि ४ अप्रिलसम्म चल्नेछ ।

## West Bengal – R G Kar

पश्चिम बंगालको सियालदहको एक अदालतले आज सञ्जय रायलाई आरजी कार मेडिकल कलेजको दुष्कर्म र हत्या प्रकरणमा दोषी ठहर गरेको छ। यस मुद्दाको अर्को सुनुवाई जनवरी २० मा हुनेछ। अदालतले अभियुक्तलाई सोही दिन सजाय दिन सक्ने बताइएको छ । सीबीआईले पेश गरेको प्रमाणको आधारमा सञ्जय रायलाई यस घटनामा दोषी ठहर गरिएको सम्बन्धित अधिकारीले बताएका छन्।

## Delhi Nomination

दिल्ली विधानसभा चुनावका लागि दायर गरिएको उम्मेदवारी पत्रको आज छानबिन गरिएको छ। सोमबारसम्म नाम फिर्ता लिन सकिने छ । ७० सदस्यीय विधानसभा चुनावका लागि एक हजार ५२१ उम्मेदवारी परेका छन् । उम्मेदवारी दर्ताको अन्तिम दिन हिजो ६८० जनाको उम्मेदवारी

परेको निर्वाचन आयोगले जनाएको छ । नयाँ दिल्ली विधानसभा क्षेत्रबाट सबैभन्दा बढी २९ जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् ।

PM – Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११८ औं शृङ्खला हुनेछ। कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, एआईआर न्यूज वेबसाइट र एआईआर मोबाइल एपमा पनि प्रसारण गरिनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

India US MOU

भारत र अमेरिकाले आपराधिक अनुसन्धानमा साइबर खतरा खुफिया र डिजिटल फोरेन्सिकमा सहयोग र सूचना साझेदारीको लागि एक सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। एक सामाजिक सञ्जाल पोस्टमा, विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले जानकारी दिनुभएअनुसार संयुक्त राज्य अमेरिकाका लागि भारतीय राजदूत श्री विनय मोहन क्वात्रा र अमेरिकी गृह सुरक्षा विभागका उपसचिव क्रिस्टी क्यानेगालोले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो।

Saif - Attack

बलिउड अभिनेता सैफ अली खानमाथि मुम्बईको बान्द्रास्थित अपार्टमेन्टमा छुरा प्रहार गरेको आरोपमा मुम्बई प्रहरीले एक व्यक्तिलाई सोधपुछ गरेको छ । महाराष्ट्रका गृह, राजस्व र ग्रामीण

विकास मन्त्री श्री योगेश कदमले घटनाको पछाडि लुटपाटक मात्र उद्देश्य रहेको र आक्रमणमा कुनै अन्डरवर्ल्ड गिरोह संलग्न नभएको बताउनुभयो ।

## IMD Forecast

मौसम विभागले आज राति पञ्जाब, हरियाणा, चण्डीगढ, राजस्थान, उत्तर प्रदेश र उत्तराखण्डका केही भागमा बाक्लो कुहिरो पर्ने पूर्वानुमान गरेको छ । भोलिसम्म तमिलनाडु, पुडुचेरी, कराइकल, केरला र माहेमा भारी वर्षाको सम्भावना छ। विभागले पञ्जाब, हरियाणा, दिल्ली, उत्तरी राजस्थान र पश्चिमी उत्तर प्रदेशमा अर्को हप्ताको सुरुमा वर्षा हुने पूर्वानुमान गरेको छ।

## Kho Kho

खो खो विश्वकप २०२५ मा आज भारतीय पुरुष र महिला टोलीले सेमिफाइनल खेल खेल्दैछन् । भारतीय महिला टोली आज साँझ नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा दक्षिण अफ्रिकाविरुद्ध मैदानमा उत्रिनेछ । त्यसैगरि, भारतीय पुरुष टोलीले पनि दक्षिण अफ्रिकाको सामना गर्नेछ। सेमिफाइनलका अन्य खेलमा युगान्डाको महिला टोलीले नेपालसँग खेल्नेछ भने पुरुषतर्फ इरानको टोलीले नेपालसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगितामा भारत, दक्षिण अफ्रिका र नेपालका पुरुष तथा महिला टोली सेमिफाइनलमा प्रवेश गरेका छन् । भारतीय पुरुष टोलीले हिजो शानदार प्रदर्शन गर्दै श्रीलंकालाई पराजित गऱ्यो। यसैबीच, भारतीय महिला टोलीले बंगलादेशमाथि ठूलो जित दर्ता गऱ्यो।

## India Open Badminton

नयाँ दिल्लीमा जारी खुल्ला ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा भारतका चिराग शेट्टी र सात्विक साइराज रङ्कीरेड्डीको जोडीले आज साँझ मलेसियाका गोह् से फेई र नुर इज्जुद्दिनको सामना गर्नेछ। यो खेल जाधव इन्डोर रंगशालामा खेलाइनेछ ।

## ICC Women Cricket

दोस्रो आईसीसी यू–१९ महिला क्रिकेट ट्वान्टी–२० विश्वकप आजदेखि मलेसियामा सुरु हुँदैछ । पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको थियो । वर्तमान च्याम्पियन भारतको पहिलो खेल भोलि वेस्ट इन्डिजसँग हुनेछ । समूह ए मा भारतसँगै मलेसिया, श्रीलंका र वेस्ट इन्डिज रहेका छन् । सन् २०२३ मा इंग्ल्याण्डलाई हराएर भारतले पहिलो विश्वकप जितेको थियो ।

## Australian Open Tennis

अस्ट्रेलियन ओपन टेनिसमा भारतका एन. बालाजी र उनका मेक्सिकन जोडी मिगुएल एन्जल रेयेस भारेला पुरुष युगलको दोस्रो चरणमा पराजित भएका छन्। उनीहरुलाई पोर्चुगलका बोर्गेस र काब्रालले पराजित गरेका थिए ।

## Hockey India League

हक्की इण्डिया लिगको पुरुष वर्गमा आज दुई खेल हुँदैछन् । पहिलो खेलमा हैदरावाद तूफानले साँझ ६ बजे तमिलनाडु ड्रयागनको सामना गर्नेछ । यसपछि टोली गोनासिकाले राति सवा आठ बजे युपी रुद्रजसँग खेल्नेछ ।

प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा स्वामित्व योजना अन्तर्गत 10 राज्य र 2 केन्द्र शासित प्रदेशहरूमा 65 लाख भन्दा बढी सम्पत्ति कार्डहरू वितरण, योजनाको उद्देश्य ग्रामीण समुदायलाई भूमि व्यवस्थापनमा सशक्त बनाउनु रहेको प्रधानमन्त्रीको भनाइ
- संसदको बजेट अधिवेशन जनवरी ३१ देखि सुरु हुँदै
- पश्चिम बंगालको एक अदालतले आज आरजी कार मेडिकल कलेजको दुष्कर्म र हत्या प्रकरणमा सञ्जय रायलाई दोषी ठहर
- सत्तरी सदस्यीय दिल्ली विधानसभा चुनावका लागि दायर गरिएका १५ सयभन्दा बढी उम्मेदवारीको आज छानबिन प्रक्रिया सम्पन्न
- अनि ब्याडमिन्टनमा, चिराग शेट्टी र सात्विकसाइराज रङ्कीरेड्डीले आज साँझ सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।